पोखरा उपत्यका साइडसिन घुम्न जाउँ

घुमाउने ठाउँहरु

बेगनास–रुपा ताल, पचभैया बन्यजन्तु पार्क (चिडिया घर), पुम्दीकोट, स्तुपा, डेभिडफल, भ्यूटावर, चमेरे गुफा, विन्दवासिनी मन्दिर, माउन्टेन म्यूजियम लगायतका ठाउँहरु साथै मुक्तिनाथ जान आउनको लागि बसको सुबिधा।

गाडी छुट्ने समय
बिहान ९:३० बजे



सम्पर्कः मानसरोबर टुर्स एण्ड ट्राभल्स
061-544439, 589012, 9856051659
9856034631, 9856082622

राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily

रु. १.५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक,
स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्कः
०६१-५७०६५१, ९८५६०७५५७५

❑ वर्ष २६ ❑ अङ्क २८ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८१ माघ २८ गते सोमबार ❑ 10 Feb. 2024 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५ ।–

## बैशाख १७ देखि पोखरामा कोटिहोम महायज्ञ हुने

### गण्डकी क्षेत्रको धार्मिक पर्यटन प्रबर्द्धन गर्न महायज्ञः धर्मगुरु कृष्णमुर्ति

पोखरापत्र संवाददाता
पोखरा, २७ माघ

मानव सेवा फाउण्डेसनको आयोजनामा आउँदो वैशाख महिनाको १७ गते देखि पोखरामा 'श्रीगण्डकी शत (सय) कुण्डीय गायत्री कोटिहोम विराट् ज्ञान महायज्ञ' हुने भएको छ।

पोखराको वाराहीघाँट खेल मैदान र क्याम्पिङ्चोकको चौरमा ४५ दिनसम्म संचालन हुने उक्त महायज्ञको तयारी तिव्र पारिएको आइतबार पोखरामा आयोजित पत्रकार सम्मेलनमा जानकारी गराईएको हो।

मानवसेवा फाउण्डेशनले पोखराको क्याम्पिङ् चोकमा कोटीहोम यज्ञ गर्न स्वीकृति लिइसकेको र भाडावापत रकम बुझाउनुका साथै उक्त रकमको कर समेत तिरेको जनाएको छ। कोटीहोम आयोजना गर्न नेपाल ट्रष्टले वैशाख १ गतेदेखि जेठ १५ गतेसम्म विराट ज्ञान महायज्ञ तथा कोटीहोमका लागि जग्गा उपलब्ध गराएपछि फाउण्डेशनले भाडा स्वरुप ११ लाख ५९ हजार रुपैयाँ बुझाइ सकेको दाबी गरेको छ । पोखरा महानगरपालिका वडा नम्बर ६ मा फाउण्डेसनले जग्गा भाडामा लिएको वापत ३ प्रतिशत सहित सरसफाई शुल्क गरी करिब ढेड लाख रुपैया वडालाई शुल्क तिरेको फाउण्डेसनले जनाएको छ।

पोखरालाई मुक्तिद्वारको रूपमा चिनाउन एवं गण्डकी प्रदेशभित्र रहेका शास्त्रवर्णित सम्पूर्ण धार्मिक क्षेत्र, तीर्थ स्थल, मठ मन्दिरहरूको महत्वलाई विश्वभर जीवन्त प्रचार प्रसार गरी धार्मिक पर्यटनलाई तेजोमय गतिमा प्रवर्धन गर्ने उद्देश्य उक्त महायज्ञ गर्न लागिएको




फाउण्डेसनका संस्थापक अध्यक्ष एवं धर्मगुरु विजय कृष्णमुर्तिले बताउनु भयो। उक्त महायज्ञ गर्न करिब २० करोड भन्दा बढी खर्च लाग्ने भए पनि स्वदेशी तथा विदेशी दाताको सहयोगबाट उक्त कार्यक्रम सफल हुने उहाँले विश्वास व्यक्त गर्नुभयो।

उक्त महायज्ञबाट बचत भएमा पोखरा १८, सिमपानी स्थित कैलाश धाम शिवमणि मन्दिर तथा पोखरा ६ बैदाम स्थित मुक्तेश्वर शिव मन्दिर मुक्तीधामको सर्वाङ्गिण विकास सँगसँगै गण्डकी प्रदेशका विपन्न, अभिभावक विहीन बालबालिका तथा असहाय ज्येष्ठ नागरिकहरूको पालन, संरक्षण आदि सहयोगार्थ आर्थिक सहयोग गनिरे भएको उहाँले जनाउनु भयो । काठमाण्डौंको पशुपतिनाथ मन्दिरमा आयोजना भएको महायज्ञमा पनि ठुलो चुनौतीको सामना गरेर आयोजना भएको विराट महायज्ञ गण्डकी प्रदेशको पोखरामा पहिलो पटक हुन लागेकोले उक्त महायज्ञलाई अब कसैले रोकेर नरोकिने यदि कसैले अबरोध गरे अर्धम गर्न पनि आफुहरु पछि नपर्ने धर्मगुरु कृष्णमुर्तिले चेतावनी दिनुभयो । पोखरा महानगरपालिकाले वातावरणमा असर पर्ने भन्दै पोखराको पर्यटकीय क्षेत्र वाराहीघाट क्षेत्रको खेल मैदानमा उक्त महायज्ञ नगर्न आग्रह गर्दै आएको छ । पोखरा क्षेत्रका बर पिपलका रुख कटानपछि विवाद र चर्चामा आएको कोटीहोम महायज्ञबारे पत्रकारले सोधको प्रश्नमा महानरले काटेका दाउरा संकलन गरिएको एकाद ठाँउमा गल्ती भएमा महानगरले गरेको सजायको भागीदार हुने समेत उहाँले आशय व्यक्त गर्दै आवश्यक वर पिपल कटान भएको सट्टा भर्ना बिरुवा रोप्न तयार रहेको बताउनु भयो।

एक दशक देखिको सपना गण्डकी क्षेत्रमा उक्त महायज्ञ गर्ने आफुहरुको योजना भएकोले पोखरामा सरकारी निकायबाट आवश्यक प्रकृया पूरा गरी महायज्ञ गर्न लागेको जनाउदै धर्मगुरु कृष्णमुर्तिले दाबी गर्नुभयो। पोखराका मेयर धनराज आचार्यले भने आफुहरुलाई समय नदिएका कारण केही समस्या जस्तो उत्पन्न भएको उहाँले उल्लेख गर्नुभयो। पोखराका मेयर धनराज आचार्यको निर्देशनमा केही दीन अघि पोखरामा कटान भएका वर तथा पिपलका करिब एक टन(एक लाख केजी) दाउरा पोखरा महानगरले जफत गरेको छ। पर्यटकीय क्षेत्रमा धैरै दिनसम्म ध्वनि र धुवा तथा पर्यटनको क्षेत्रमा असर पर्ने भन्दै उक्त विराट महायज्ञ संचालनको लागि मेयर आचार्यले आफुहरुले अनुमति नदिएको सामाजिक संजाल तथा विभिन्न संचार माध्यममा प्रतिकृया दिदै आउनु भएको छ। धर्म जोगाउन पनि कोटीहोम आवश्यक भएको प्रतिक्रिया दिदै उहाँले धर्मको रक्षाका लागि अधर्म गर्न पनि आफुहरु पछि नपर्ने बताउनु भयो। तल वराही मदिन्दरमा २५ हजार नरिवल उढाउने उक्त मन्दिर वरिपरी नै उक्त महायज्ञ गर्ने संकलप गरी तयारी धेरै अघि बढेकोले अब उक्त महायज्ञ स्थगित र स्थान्तरण नहुने धर्मगुरु कृष्णमुर्तिले जनाउनु भयो । कोटिहोम महायज्ञमा भागवत कथा प्रवक्ता अनुराधा पाण्डे, चर्चित श्रीराम कथा प्रवक्ता देवी चन्द्रकला सस्त्री, अंतर ष्ट्रीय कथा प्रवक्ता श्री देवी प्रतिभा, वाचन प्रवीण पण्डित दीनवन्धु पोखरे, भागवत भाष्कर पं कमलनयन गौतम, विख्यात प्रवचनकर्ता चैतन्य कृष्ण महाराजबाट कथा वाचन हुने साथै सु-प्रसिद्ध कथा वाचिका भागवत मञ्जरी राधिका दासी माताज्यू, प्रवक्ता देवी सुप्रिया लगायत कया प्रवक्ताहरुलाई यस कोटिहोममा निमन्त्रणा पनि गरिसकिएको फाउण्डेसने दाबी गरेको छ । विराट महायज्ञमा भारतका चर्चीत धर्मगुरु समेत आउने बताइन्छ। पोखरा महानगरपालिकाले हालसम्म विराट महायज्ञ आयोजना गर्न कुनै अनुमति नदिएको जनाउदै नेपाल ट्रसलाई उक्त स्थानमा महायज्ञ आयोजना गर्न नदिन पत्र लेखेको महानगरले जनाएको छ। पोखराका चौतारमा रहेका धेरै वर पिपल यसपाली काटिएका छन जसको पोखरेलीले चर्को बिरोध जनाउदै आउनु भएको छ।

## पोखरामा फोहोरको दुर्गन्ध, सडक भरी फोहोरका थुप्रा

पोखरापत्र संवाददाता
पोखरा, २७ माघ

पोखरामा केही दिन देखि फोहोर उठ्न नसके पछि हाल पोखराका सडकभरी फोहोरका थ्रुपा रहेका छन् ।

महानगरले हाल फोहोर व्यबस्थापन गर्दै आएको पोखरा महानगरपालिका ३२ को लाहामेआलमा केही दिन देखि फोहोर व्यबस्थापन गर्न समय लाग्ने भएकोले पोखरा क्षेत्रमा हाल फोहोर नउठ्दा पोखराका सडक छेउमा फोहोरका थ्रुप्रा रहेका छन् । पोखरामा फोहोर थुप्रिएसंगै पोखरामा दुर्गन्ध समेत फैलिन थालेको स्थानियले गुनासो गर्नु भएको छ । पोखरा महानगरपालिकाले पोखरा ३२ को लाहामेआलमा व्यबस्थापन गर्दै आएको उक्त स्थानमा केही दिन अझै फोहोर फाल्ने व्यबस्थापन गर्नुपर्ने भएकोले केही दिनमा मात्र



पोखराको फोहोर उठ्ने भएको पोखरा महानगरपालिकाका प्रवक्ता मोतीराम तिम्सिनाले बताउनु भयो । उहाँले भन्नुभयो"हाल फोहोर व्यबस्थापन गर्दै आएको स्थानमा फोहोरको मात्र भरिएसंगै अक अर्को स्थानमा फोहोर व्यबस्थापन गर्दैछौं, अबको १/२ दिनमा फोहोर फाल्ने ठाँउको व्यबस्थापनसंगै पोखराको फोहोर उठाउछौं ।" पोखराको व्यस्त बजार महेन्द्रपुल, चिप्लेढुंगा, सिद्धार्थचोक, न्यूरोड, नयाँबजार, पृथ्बीचोक, पाखिलेचोक लगायतको क्षेत्रमा फोहोरको थुप्रा बढ्दै गएकाछन्। महानगरले फोहोर समयमै नउठाए पछि केही व्यक्ति तथा व्यवसायीहरुले सडक छेउमा फोहोर फाल्दै आउनु भएको छ । फोहोर फाल्ने गाडी आए पछि मात्र फोहोर बाहिर निकाल्न महानगरले सूचना जारी गर्दै आएको छ तर त्यसको पालना नगर्दा पोखरामा फोहोरको थ्रुप्रा बढ्दै गएको छ।

## जनतामा आशा जगाउनुपर्छ : अध्यक्ष नेपाल

पोखरापत्र संवाददाता
पोखरा, २७ माघ

नेपाल कम्युनिष्ट पार्टी (एकीकृत समाजवादी)का अध्यक्ष एवंपूर्वप्रधानमन्त्री माधवकुमार नेपालले राजनीतिक दलहरू सुशासन र जनताप्रति उत्तरदायी नहुँदा नेपाली जनतामा राजनीतिक निराशा पैदा भएको बताउनुभएको छ । नेकपा (एकीकृत समाजवादी) को प्रथम गण्डकी प्रदेश अधिवेशनमा अध्यक्ष नेपालले भन्नुभयो, "अब राजनीतिक पार्टीले जनतामाझ निराशा होइन, आशा र उत्साह लिएर जान जरुरी छ, यसो गर्न नसकिए राजनीतिक दलहरूप्रति जनताको निराशा झनै बढ्ने छ ।" एकीकृत समाजवादी आफ्नो सिद्धान्त, सङ्गठन र सङ्घर्षबाट अगाडि बढ्ने पार्टी भएकाले यसले नेकपा (एमाले) र (माओवादी केन्द्र) सँग पार्टी एकता नगर्ने अध्यक्ष नेपालले बताउनुभयो । उहाँले भन्नुभयो, "पार्टीलाई एक ढिक्का बनाएर अगाडि बढ्छौं, विचार मिल्ने पार्टीसँग एकता र सहकार्य गरेर जान्छौं ।" वर्तमान सरकारले ल्याएको अध्याधेशको विरोध गर्दै अध्यक्ष नेपालले उक्त अध्याधेश जनताको हितमा नरहेको बताउनुभयो । उक्त अध्यादेश संविधान संशोधन गर्नभन्दा पनि ठूला पार्टीको हित र स्वार्थमा ल्याइएको उहाँको आरोप छ । एकीकृत

बाँकी अन्तिम पृष्ठमा ▶▶

## नागरिकलाई मानवीय सेवामा जोड्न अभिप्रेरित गर्नुपर्दछः प्रदेश प्रमुख भट्ट

पोखरापत्र संवाददाता
पोखरा, २७ माघ

गण्डकी प्रदेशका प्रमुख डिल्लीराज भट्टले मानवीय सेवा नै ठूलो धर्म भएकाले लायन्स जस्ता संस्थाहरुले नागरिकलाई प्रेरणा जागृत गरेको बताउनुभएको छ।

लायन्स इन्टरनेशनल डिस्ट्रिक्ट ३२५ एम नेपालको स्याङ्जा, वालिङमा आयोजित तेस्रो क्याबिनेट बैठकमा प्रमुख अतिथि रहनुभएका भट्टले मानवीय सेवामा समर्पित हुनेहरु पवित्र मन भएका व्यक्तिहरु रहेको र यस्ता नागरिकले राष्ट्र निर्माणमा योगदान दिने बताउनुभयो।

लायन्स, रोटरी, जेसीज जस्ता अन्तर्राष्ट्रिय संस्थाहरुले मानवीय सेवामा जोड्न अभिप्रेरित गरेको उहाँको भनाई छ। महाभूकम्पको समयमा लायन्स क्लबले नेपालमा पुऱ्याएको राहत सहयोग प्रशंसनीय रहेको बताउँदै उहाँले कुनै पनि, जाती, भाषा, धर्म, संस्कृति र राजनीतिक विचारभन्दा माथि




उठेर सदा मानवीय सेवामा अग्रसर लायन्स क्लबले आफ्ना सदस्यहरुका लागि नेतृत्व विकास र ठूलो सञ्जाल विस्तार गरी संसारभर सहयोग अघि बढाएको थाहा पाउँदा खुशी लागेको बताउनुभयो।

'पछिल्लो समय लायन्स क्लबको संगठन विस्तार विशेष रुपमा भएको पाएको छु। दुर्गम जिल्लामा लायन्स क्लबको विस्तार हुनु राम्रो र सबल पक्ष हो।' उहाँले भन्नुभयो- 'नयाँ पुस्ताहरुलाई सामाजिक कार्यमा संलग्न गराउँदै विकास निर्माण कार्यमा जोड्नु आजको आवश्यकता हो। संयुक्त नेतृत्व निर्माणमा यसले महत्वपूर्ण योगदान पुऱ्याउँछ भन्ने विश्वास लिएको छु।' उहाँले लायन्स क्लबहरूले मानवीय सेवामा गरेका कार्यक्रमहरुको छलफल तथा सरोकारवाला निकायसँगको सहकार्यमा भावी कार्ययोजना सम्बन्धमा बैठक प्रभावकारी बन्न सकोस् भन्ने शुभेच्छा पनि व्यक्त गर्नुभयो।

## पूर्वराजा पोखरामा

पोखरापत्र संवाददाता
पोखरा, २७ माघ

पूर्वराजा ज्ञानेन्द्र शाहलाई पोखरामा स्वागत गरिएको छ।

आइतबार परिवारका सदस्य सहित समिट एयरको चार्टर जहाजबाट पोखरा आउनु भएको पूर्व राजा ज्ञानेन्द्रलाई पोखरामा विभिन्न संघ संस्थाले पोखरा विमानस्थलमा स्वागत गर्नु भएको हो । पूर्व राजाका समर्थीतहरुले 'राजा आउ देश बचाउ', 'हाम्रो राजा हाम्रो देश, प्राण भन्दा प्यारो छ,' भन्ने नारा लगाउँदै पूर्वराजाको जय जयकार गर्नु भएको थियो। पूर्व राजा शाह आज रूपाकोट रिसोर्टमा बस्नु भएको श्रोतको दाबी छ । सोमबारदेखि शाहको शक्तिपीठ भ्रमणको तालिका रहेको छ भने उहाँ करिब दुई साताका पोखराका शक्तिपिठहरुको अध्ययन अवलोकन गर्ने कार्यक्रम रहेको छ। पूर्वराजा शाह विमानस्थलमा उत्रिए लगत्तै उहाँका समर्थकहरुले राजतन्त्रको पक्षमा नारा लगाउदै समेत गर्नु भएको थियो।

सुपथ मूल्यमा आकर्षक छपाइ



पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस् ।

हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. : ०६१-५७०६५१

# थ्रि स्टार क्लव आहा रारा पोखरा गोल्ड कपको सेमिफाइनलमा प्रवेश

**पोखरापत्र संवाददाता**
पोखरा, २७ माघ

मच्छिन्द्र क्लवलाई टाईब्रकरमा पराजित गर्दै थ्रि स्टार क्लव पोखरामा जारी २४ औं संस्करणको आहा रारा पोखरा गोल्ड कप फुटवल प्रतियोगिता २०८१ को सेमिफाइनलमा प्रबेश गरेको छ।

पोखरा रंगशालाको फुटवल मैदानमा आइतबार भएको दोश्रो क्वाटरफाइनल खेलमा मच्छिन्द्र क्लवलाई थ्रि स्टारले टाइब्रेकरमा ४–२ को गोल अन्तरले पराजित गर्दै सेमिफाइनलमा यात्रा बनाएको हो । ९० मिनेटको निर्धारित र थपिएको ३० मिनेटमा पनि दुबै तर्फ गोल रहित खेल बराबरीमा पुगे पछि टाईब्रेकरमा खेल पुगेको हो । टाईब्रेकरमा मच्छिन्द्रका बिशाल घलान र आदित्य चौधरीले गोल गर्न नसक्दा



मच्छिन्द्र क्लव आहा रारा पोखरा गोल्ड कपको यस बर्ष क्वाटरफाइनलबाटै यात्रा टुंगाएको हो । आहा रारा पोखरा गोल्ड कपको ५ पटकको विजेता थ्रि स्टारको जितमा टाइब्रेकरमा दिपेश भले, फोडी फोफोना, विराज मर्हजन र लक्ष्मण रुचालले पेनाल्टी सुटमा गोल गर्नु भएको हो । मच्छिन्द्रका दिवाकर चौधरी र सविन श्रेष्ठले पेनाल्टीमा गोल गर्नु भएको थियो । मच्छिन्द्रका बिशाल घलालले प्रहार गरेको पेनाल्टी सुट क्रस वारमा लागेर रिभाउण्ड भएको थियो भने आदित्य शाक्यले प्रहार गरेको पेनालटी सुट विपक्षि गोलरक्षक दोश्रो रोजाईका गोलरक्षक शारिन जिसीले उत्कृष्ट बचाउ गर्नु भएको हो । खेलमा थ्रि स्टारका दिपेश घले म्यान अफ दी म्याच घोषित हुनु भयो । निर्धारित समयमा दुबै टिमका केही खेलाडीहरुले पाएका अवसरलाई सदुपयोग गर्न नसक्दा टाइब्रेकरबाटै खेलको छिनोफानो भएको हो । आठौं संस्करणको (२०६६) आहा रारा पोखरा गोल्ड कपको फाइनलमा पुगेर त्रिभुवन आर्मीसंग पराजित हुदै उपविजेतासम्म यात्रा बनाएको मच्छिन्द्रले यसपाली पनि आहा रारा पोखरा गोल्ड कपको उपाधि चुम्ने सपना अधुरै रह्यो ।

यसैबिच, सोमबार तेश्रो क्वाटरफाइनल खेलमा त्रिभुवनर्टौ क्वाटरफाइनलमा यात्रा बनाउदा आर्मीले भने सिधै वाई पायर क्वाटरफाइनलको यात्रा तय गरेको हो । प्रतियोगिताको मुख्य प्रायोजक हिमश्री फुड्स प्रालिको उत्पादन रारा तयारी चाउचाउ रहेको छ।

# बिटी कपमा सोमबार क्वाटरफाइनलका खेल हुने

**पोखरापत्र संवाददाता**
पोखरा, २७ माघ

पोखरा महानगरपालिका १ पुरानो टुंडिखेलमा जारी आठौं विरेन स्मृति १८ औं बिटी कप सेभेन ए साइड फुटबल प्रतियोगितामा सोमबार क्वाटरफाइनलका खेल हुने भएको छ।

'हामी एक हौं' भन्ने नार ासहित क्रियाशिल बुद्धटोल युवा क्लबको आयोजनामा जारी प्रतियोगितामा आज प्रिक्वाटरफाइनलका खेल सम्पन्न भएको क्लबका अध्यक्ष असिम थापाले जानकारी दिए । उनका अनुसार सोमबार चारी सुशान एफसी र केआइइसी बुनबीच पहिलो क्वाटरफाइनल खेल बिहान ७ बजे हुनेछ। यस्तै दोस्रो खेल बिहान ८ बजे एलसी ब्रदर्श र गन्नी एफसी भिड्ने छ। तेस्रो



क्वाटरफाइनल खेल बिग सिटी लेकसाइड र स्याङ्जा एफसी प्रतिस्पर्धा गर्नेछ । भने, अन्तिम क्वाटरफाइनल खेल कमलपोखरी एफसी र रामघाट ह्वाइटबीच बिहान १० बजे प्रतिस्पर्धा हुने विनोद गुरुङले बताए । उनका अनुसार प्रतियोगितामा कुल ४८ टिमको सहभागिता रहेको सो प्रतियोगिताको विजेताले १ लाख ८१ हजार १ सय ११ र उपविजेताले १ लाख ११ हजार १ सय ११ रुपैयाँसहित ट्रफी मेडल र प्रमाणपत्र प्राप्त गर्नेछन् । उनका अनुसार प्रतियोगितामा विधागतर्फ सर्वोकृष्ट खेलाडी, गोलरक्षक, डिफेण्डररमिडफिल्डररसर्वाधिक गोलकर्ताले जनही नगद ७/७ हजार पुरस्कार प्राप्त गर्नेछन् । यस्तै प्रतियोगितामा अनुशासित टिमलाई ९ हजार रुपैयाँ प्रदान गरिने आयोजकले जनाएको छ।

# गण्डकी धौलागिरी पेट्रोलियममा सुवेदी

**पोखरापत्र संवाददाता**
पोखरा, २७ माघ

गण्डकी धौलागिरी पेट्रोलियम डिलर्स एशोसियसनको शनिवार सम्पन्न २७ औं साधारण सभा तथा चौधौं अधिवेसनले मोहन सुवेदीको नेतृत्वमा नयाँ कार्यसमितिको चयन गरेको छ । सुवेदी अर्का प्रत्यासी सुरेन्द्ररमण पराजुलीलाई पराजित गर्दै अध्यक्षमा निर्वाचित भएका हुन। अध्यक्ष बाहेक अन्य पदहरुमा सर्वसम्मत भएको थियो।

समितिको उपाध्यक्षमा जय मोहन भट्टराई, महासचिवमा सुजन बराल, उपमहासचिवमा नवराज पौडेल र कोषाध्यक्षमा सुमन श्रेष्ठ निर्विरोध निर्वाचित भएका छन्।

यसैगरी सदस्यहरुमा भुगोल गुरुङ, सन्तोष बराल, विप्लब हमाल, बिजय अर्याल र इश्वर पौडेल निर्वाचित भएका छन् । यसअघि अधिवेशनको उद्घाटन गर्दै, नेपाल पेट्रोलियम डिलर्स राष्ट्रिय एशोसियशनका अध्यक्ष लिलेन्द्र प्रसाद प्रधानले पेट्रोलियम पदार्थको व्यापार २५ प्रतिशतले घटेको बताए । सरकारको पूँजिगत खर्च कम हुनु, नेपाल भारत खुल्ला सिमाना र विद्युतीय गाडीको व्यापारसँगै पेट्रोलियम व्यवसायीको लगानी धरापमा परेको बताएका हुन । स्वचालित मुल्य प्रणालीका कारण



नेपालमा भन्दा भारतमा पेट्रोलियम पदार्थ सस्तो भएकाले सिमानाबाट नेपाल आउने अधिकांस सवारी साधनले उतैबाट इन्धन भर्ने, विकास निर्माणमा प्रयोग हुने मेशिनरी सामान तथा डिजेल प्लान्ट पूर्णरुपमा संचालनमा नआउँदा पनि व्यापार घटेको प्रधानले उल्लेख गरे । बजारमा विद्युतीय सवारी साधनको बढ्दो प्रयोग पनि पेट्रोलियम पदार्थको कम खपतको कारण बनेको प्रधानले बताए । पेट्रोलियमको कारोबारमा नेपाल आयल निगमको एकाधिकार रहेकाले, अरवौ रुपैया लगानी गरेका व्यवसायीलाई निगमले कारिन्दाको जस्तो व्यवहार गरेको आरोप लगाए। व्यवसायी निगमको कारिन्दा नभई व्यापारिक साँझेदार भएको समेत स्पष्ट पारे। प्रधानले पेट्रोलियम पदार्थ ढुवानीका लागि निगमले उपलब्ध गराएका साधन मापदण्ड विपरित रहेको आरोप लगाउँदै त्यसलाई सुधार गर्न जोड दिए। उनले व्यापारीलाई निगमले उपलब्ध गराएको गुणस्तर र परिणाममै पेट्रोलियम पदार्थ विक्री बितरण गर्न आग्रह गरे। पेट्रोलियम व्यवसायीका बिषयमा यसअघि निर्माण भएको गलत भाष्यमा अहिले सुधार आएको प्रधानले बताए । कार्यक्रममा राष्ट्रिय एशोसियशनका बरिष्ठ उपाध्यक्ष सुनिल गुरुङ्गले पैसा कमाउने लोभमा बदनाम हुनेगरी कारोबार नगर्न व्यवसायीलाई सुझाव दिए। ग्राहकमैत्री व्यवहार र गुणस्तरमा ध्यान दिन आग्रह गर्दै, गुरुङले व्यवसायीमा लोभ देखिदा सिंगो पेट्रोलियम क्षेत्र बद्नाम भएको उल्लेख गरे । बिगतमा केही पेट्रोलियम व्यवसायीले निगमसँग मिलेर बदमासी गरेको घट्ना सार्वजनिक हुँदा सवैले शिर निहुराउने अवस्था आएको समेत गुरुङले बताए। गुरुङले इमानदारीता पूर्वक काम गर्न सुझाव दिदै गलत धन्दाबाट आर्जन भएको पैसाले पोल्ने भन्दै सचेत गराए। गण्डकी धौलागिरी पेट्रोलियम डिलर्स एशोसियसनका अध्यक्ष राजन गोगंजुको अध्यक्षतामा भएको कार्यक्रममा नापतौल तथा गुणस्तर कार्यालय पोखराका प्रमुख मनोज पोखरेल, नेपाल आयल निगम गण्डकी प्रदेश डिपो गगनगौंडाका निमित्त प्रमुख पर्शुराम अधिकारी, एशोसियशनका केन्द्रिय सदस्य एवं गण्डकी संयोजक शुशिल गौचन, ट्यांकर एशोसियशनका उपाध्यक्ष धुर्व गौतम, निर्वाचन समितिका संयोजक सुमन भट्टराई, भलाई कोषका संयोजक जयमोहन भट्टराई, चालक संघका सुमन गुरुङ, पेट्रोलियम मजदुर संघका दुर्गा कंडेल, सल्लाहकार नविन बराल लगायतले पेट्रोयिम क्षेत्रका देखिएका समस्याका बारेमा बोलेका थिए।

# भूमि आयोग भोट नोट कमाउने भाँडो नहोस्

**पोखरापत्र संवाददाता**
पोखरा, २७ माघ

सरकारमा जाने दलको मुख्य काम जग्गा बाँडेर सुकुम्बासी समस्या हल गर्ने।देशभर जग्गा बाँडेर भोट बढाउन पाइने गतिलो सजिलो उपाय सुकुम्बासीलाई जग्गा दिने।विभित्र काल खण्डमा जग्गा बाँड्न आयोग बनाउने गरिएको छ।

अहिले पनि एउटा भूमि समस्या समाधान आयोग छ। जो यही समस्या समाधानका लागि भनेर लागिरहेको छ। झन्डै १५ लाख परिवार भूमिहीन दलित, सुकुम्बासी र अव्यवस्थित बसोबासीको रूपमा नेपालमा रहेको अनुमान छ। आयोगले देशभरका घर परिवारको व्यवस्थापन गर्ने लक्ष्य राखेको छ।

आयोगले समावेशी र व्यवस्थित ढंगले भूमिहीन नागरिकलाई भूमि उपलब्ध गराउने तयारी गरिरहेको छ। १५ लाख परिवारको अनुमानित संख्या र ती परिवारका विवरणहरूको प्रमाणीकरण भने जटिल छ। शहर बजार आसपास जग्गा पाउन गाउँका डाँडा पाखा छोडेर सुकुम्बासी बन्ने प्रबृत्ति बढेर गएको छात्यसका लागि पैसा खर्च गर्न तयार हुँदा भूमि आयोग सत्तारूढ दलको हानथाप हुने गरेको छाअहिले जिल्लामा नियुक्ति खानेहरुको पद वहाली चलेको छ।

भूमिसम्बन्धी ऐनले नै भूमिहीनलाई आवासका लागि भूमि उपलब्ध गराउने भन्छ। संविधानले पनि सबै नेपालीलाई आवासको अधिकार हुने भनेको छ। तसर्थ पनि भूमि उपलब्ध गराउने दायित्व सरकारलाई हुनु स्वाभाविक हो। अहिलेको आयोगले सबै नेपालीलाई जग्गाको स्वामित्व उपलब्ध गराउने उद्देश्य राखेको छ। यो असंभव छातर रटान जारी छा यस कार्यलाई यथासम्भव चाँडो र प्रभावकारी बनाउन समन्वय र स्रोतको समुचित व्यवस्थापन अत्यन्त महत्वपूर्ण हुनेछ। भूमि समस्या समाधानको प्रक्रिया मात्र पर्याप्त छैन; भूमिहीन दलित र सुकुम्बासीलाई प्रदान गरिएका भूमि क्षेत्रमा बसोबास गर्न उपयुक्त वातावरण पनि आवश्यकता पर्छ। उदाहरणका लागि, जोखिमयुक्त स्थान, नदी किनारा, र राष्ट्रिय निकुञ्जजस्ता संवेदनशील क्षेत्रमा बसोबास गरिरहेका व्यक्तिहरूलाई सुरक्षित रजीवनोपयोगीस्थलमापुनर्स्थापन गर्नुपर्ने कुरा अवश्य ध्यानमा राख्नुपर्ने छ। भूमि वितरणको प्रक्रिया पारदर्शी र सुचारु बनाउन सरकारले सुधारात्मक कदम चाल्नु पर्नेछ।

नेपालमा सुकुम्बासी र अव्यवस्थित बसोबासीका समस्याहरू समाधान गर्न २०४६ पछि हालसम्म १७ वटा आयोग गठन भएका छन्। ती आयोग र समितिले गरी अहिलेसम्म १ लाख ६१ हजारभन्दा धेरैलाई जग्गा दिएकै हुन्। तर देशमा भूमिहीनको समस्या समाधान घट्नुको साटो बढेकै छ।

यसबाट भूमि वितरण गर्दैमा भूमिहीन नघट्ने देखिन्छ। आवासको अधिकार भनेको जमिन वितरणसँग नजोडी अपार्टमेन्ट उपलब्ध गराउने र निश्चित पुस्तापछि राष्ट्रियकरण हुने व्यवस्था व्यावहारिक हुन्छ। चुनावमा भोट र त्यस अघिपछि नोट कमाउने माध्यम बन्ने गरेको छात्यमा सुधार आउन नसके जुन जोगी आएपनि कानै चिरेको जस्तो हुनेछ।


## सामाजिक सञ्जालको सदुपयोग गरौं

◆सामाजिक सञ्जालको अधिक प्रयोगले व्यक्तिमा एक्लोपन, परिवारमा अविश्वास र कलह तथा समाजिक सद्भाव खल्वल्याउन सक्छ,

◆सामाजिक सञ्जाललाई सकरात्मक विचार र प्रेरणा फैलाउने माध्यमको रुपमा प्रयोग गरौं,

◆अनावश्यक र नकारात्मक सामाग्री, पोष्ट र शेयर नगरौं वा नराखौं,

◆स्मार्टफोनको अत्यधिक प्रयोगवाट वालवालिकालाई जोगाऔं,

◆ सामाजिक सञ्जाललाई सामाजिक सद्भाव, सहिष्णुता कायम गर्ने माध्यम वनाऔं।

नेपाल सरकार
विज्ञापन बोर्ड


# एक–अर्काको ...

समाजवादीले अब जनतामाझ आशा र उत्साह जगाउने कार्यक्रम लिएर जाने उहाँले बताउनुभयो। पार्टीका सम्मानित नेता एवं पूर्वप्रधानमन्त्री झलनाथ खनालले २०६२/६३ सालको परिवर्तबाट निर्माण गरेको संविधानमा चाहेजति उपलब्धि हासिल गर्न नसकिएको बताउनुभयो । नेपाली जनताको जीवनस्तर उकास्न वैज्ञानिक ढङ्गबाट भूमिसुधार, कृषि क्रान्ति र औद्योगिकीकरण हुन आवश्यक भएको उहाँको भनाइ थियो।

यस्तै, वरिष्ठ उपाध्यक्ष राजेन्द्र पाण्डेले देशमा मौलाएको भ्रष्टाचारको जालो नियन्त्रण गर्न नसकिए यसले ठूलो रुप लिँदै जाने बताउनुभयो । पार्टीका महासचिव घनश्याम भुसालले देशको अर्थतन्त्र खोक्रो हुँदै गएकाले बेलैमा सचेत हुन सरकारसँग आग्रह गर्नुभयो।

# देवघाटको झोलुङ्गो पुल जीर्ण बनेपछि जोखिममा

**पोखरापत्र संवाददाता**
दमौली, २७ माघ

तनहुँको देवघाट र चितवन जोड्ने त्रिशूली नदीमाथिको झोलुङ्गो पुल जीर्ण बनेपछि स्थानीयवासीले वैकल्पिक पुलको माग गरेका छन्।

सो पुल हुँदै दैनिक हजारौं भक्तजनले आवतजावत गर्ने गर्छन् । पुल जीर्ण भएकाले जोखिमपूर्ण बनेको स्थानीयवासीको भनाइ छ।

विसं २०३७ मा सो पुल निर्माण भएको थियो। अब पुल यात्रु धान्न नसक्ने अवस्थामा जीर्ण बनेको स्थानीय शिवराज पौडेलले बताउनुभयो।एकैपटकमा सयौंले पुल तर्दा पिङझैं हल्लने गरेको उहाँले बताउनुभयो । उहाँले भन्नुभयो, “अब यो पुलको विकल्प खोज्नुपर्ने बेला आएको छ ।” देवघाट जान हाल उक्त झोलुङ्गो पुलबाहेक ठिमुरा, दासढुङ्गा र नवलपुर जोड्ने हर्दीमा पक्की पुल सञ्चालनमा छ। तर देवघाट जाने अधिकांश भक्तजनले चितवनको आपँटारी हुँदै यही पुल प्रयोग गर्छन्। देवघाट गाउँपालिका-५ का अधिकांशले चितवनको भरतपुर आउन सबैभन्दा छोटो दूरीको रुपमा सो पुल प्रयोग गर्दै आएका छन् । पुलबाट दैनिक सयौं मोटरसाइकल वारपार गरिँदै आएको छ । देवघाट गाउँपालिकाका अध्यक्ष तिलबहादुर थापाले उक्त पुल मर्मतसम्भार गरेर मात्र नहुने अवस्थामा पुगेको बताउनुभयो । यहाँ पक्की पुलकै आवश्यकता देखिएको उहाँले बताउनुभयो । उहाँले भन्नुभयो, “गाउँपालिकाको स्रोत साधनले सम्भव छैन । प्रदेश सरकार र सङ्घीय सरकारले पहलकदमी लिनुपर्छ।”






फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्धसम्पादकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१–५८२५०८, ०६१–५७०६५१, ०६१–५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com,Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

नैतिक कामका लागि पनि अनैतिक काम नगर्नुस् ।
– थमस हार्डी

## सम्पादकीय

# भूमि आयोग भोट नोट कमाउने भाँडो नहोस्

सरकारमा जाने दलको मुख्य काम जग्गा बाँडेर सुकुम्बासी समस्या हल गर्ने । देशभर जग्गा बाँडेर भोट बढाउन पाइने गतिलो सजिलो उपाय सुकुम्बासीलाई जग्गा दिने । विभिन्न काल खण्डमा जग्गा बाँड्न आयोग बनाउने गरिएको छाअहिले पनि एउटा भूमि समस्या समाधान आयोग छ । जो यही समस्या समाधानका लागि भनेर लागिरहेको छ । झन्डै १५ लाख परिवार भूमिहीन दलित, सुकुम्बासी र अव्यवस्थित बसोबासीको रूपमा नेपालमा रहेको अनुमान छ । आयोगले देशभरका घर परिवारको व्यवस्थापन गर्ने लक्ष्य राखेको छ । आयोगले समावेशी र व्यवस्थित ढंगले भूमिहीन नागरिकलाई भूमि उपलब्ध गराउने तयारी गरिरहेको छ । १५ लाख परिवारको अनुमानित संख्या र ती परिवारका विवरणहरूको प्रमाणीकरण भने जटिल छ । शहर बजार आसपास जग्गा पाउन गाउँका डाँडा पाखा छोडेर सुकुम्बासी बन्ने प्रवृत्ति बढेर गएको छ । त्यसका लागि पैसा खर्च गर्न तयार हुँदा भूमि आयोग सत्तारूढ दलको हानथाप हुने गरेको छ । अहिले जिल्लामा नियुक्ति खानेहरुको पद वहाली चलेको छ ।

भूमिसम्बन्धी ऐनले नै भूमिहीनलाई आवासका लागि भूमि उपलब्ध गराउने भन्छ । संविधानले पनि सबै नेपालीलाई आवासको अधिकार हुने भनेको छ । तसर्थ पनि भूमि उपलब्ध गराउने दायित्व सरकारलाई हुनु स्वाभाविक हो । अहिलेको आयोगले सबै नेपालीलाई जग्गाको स्वामित्व उपलब्ध गराउने उद्देश्य राखेको छ । यो असंभव छातर रटान जारी छा यस कार्यलाई यथासम्भव चाँडो र प्रभावकारी बनाउन समन्वय र स्रोतको समुचित व्यवस्थापन अत्यन्त महत्वपूर्ण हुनेछ । भूमि समस्या समाधानको प्रक्रिया मात्र पर्याप्त छैन; भूमिहीन दलित र सुकुम्बासीलाई प्रदान गरिएका भूमि क्षेत्रमा बसोबास गर्न उपयुक्त वातावरण पनि आवश्यकता पर्छ । उदाहरणका लागि, जोखिमयुक्त स्थान, नदी किनारा, र राष्ट्रिय निकुञ्जजस्ता संवेदनशील क्षेत्रमा बसोबास गरिरहेका व्यक्तिहरूलाई सुरक्षित र जीवनोपयोगी स्थलमा पुनर्स्थापन गर्नुपर्ने कुरा अवश्य ध्यानमा राख्नुपर्ने छ । भूमि वितरणको प्रक्रिया पारदर्शी र सुचारु बनाउन सरकारले सुधारात्मक कदम चाल्नु पर्नेछ ।

नेपालमा सुकुम्बासी र अव्यवस्थित बसोबासीका समस्याहरू समाधान गर्न २०४६ पछि हालसम्म १७ वटा आयोग गठन भएका छन् । ती आयोग र समितिले गरी अहिलेसम्म १ लाख ६१ हजारभन्दा धेरैलाई जग्गा दिएकै हुन् । तर देशमा भूमिहीनको समस्या समाधान घट्नुको साटो बढेकै छ । यसबाट भूमि वितरण गर्दैमा भूमिहीन नघट्ने देखिन्छ । आवासको अधिकार भनेको जमिन वितरणसँग नजोडी अपार्टमेन्ट उपलब्ध गराउने र निश्चित पुस्तापछि राष्ट्रियकरण हुने व्यवस्था व्यावहारिक हुन्छ । चुनावमा भोट र त्यस अघिपछि नोट कमाउने माध्यम बन्ने गरेको छात्यमा सुधार आउन नसके जुन जोगी आएपनि कानै चिरेको जस्तो हुनेछ ।

# तरुण कप भलिबल प्रतियोगिता आगामी फागुनमा

**पोखरापत्र संवाददाता**
म्याग्दी, २७ माघ

जिल्लाको दरबाङ र नारच्याङमा नेपाली काग्रेसको भातृ संस्था नेपाल तरुण दलको आयोजनामा तरुण कप भलिबल प्रतियोगिता- २०८१ हुने भएको छ ।

म्याग्दी क्षेत्र 'ख' अन्तर वडा क्षेत्रीय पुरुष भलिबल प्रतियोगिता आगामी फागुन ७, ८ र ९ गते मालिका गाउँपालिका-६ दरबाङमा र म्याग्दी क्षेत्र 'क' अन्तर्गत वडा क्षेत्रीय पुरुष भलिबल प्रतियोगिता एवं अन्तरपालिका जिल्लास्तरीय महिला भलिबल प्रतियोगिता फागुन १४, १५ र १६ गते अन्नपूर्ण गाउँपालिका-४ नारच्याङमा हुने आयोजकले जनाएको छ । तरुणदल म्याग्दीका अध्यक्ष श्रीप्रसाद रोका मगरले तरुण कप-२०८१ को तयारीलाई तीव्र पारिएको जानकारी गराउनुभयो । दुवै प्रतियोगिताको पुरुष विधातर्फका विजेताले रु एक लाख ११ हजार एक सय ११ नगद पुरस्कार सहित ट्रफी, मेडल र प्रमाणपत्र प्राप्त गर्ने उहाँले बताउनुभयो । उपविजेताले रु ६६ हजार ६६६ ट्रफी मेडल र प्रमाण पत्र पाउने आयोजकले जनाएको छ । त्यसैगरी महिला भलिबल विधाका विजेताले रु ७७ हजार सात सय ७७ र उपविजेताले रु ४४ हजार ४४४ ट्रफी मेडलका साथमा प्रमाणपत्र प्राप्त गर्ने आयोजकले जनाएको छ । रु १५ लाख ५० हजार बढी खर्च अनुमान गरिएको छ । आयोजनाबाट खर्च कटाएर आम्दानी भएको रकमले दुर्गम क्षेत्रलाई लक्षित गरेर शिक्षा ,स्वास्थ्यलगायत क्षेत्रमा खर्च गर्ने तरुणदल म्याग्दीले जनाएको छ ।

# इमेज सहकारीका बचतकर्ताको एक करोड फिर्ता

**पोखरापत्र संवाददाता**
बागलुङ, २७ माघ

इमेज बचत तथा ऋण सहकारी संस्थाका बचतकर्तालाई रु एक करोड फिर्ता गरिएको छ । सहकारीको ढोरपाटन र गल्कोट सेवा केन्द्रका पाँच सय ४७ जना बचतकर्तालेे जिल्ला अदालत बागलुङमा संस्थाका अध्यक्ष देवकुमार नेपालीसँग मिलापत्र गरेपछि रु एक लाखसम्मका बचतकर्ताको रकम फिर्ता गर्न थालिएको हो ।

ढोरपाटनका ९२ बचतकर्ताले रु ३७ लाख प्राप्त गर्नेगरी चेक बुझेका छन् भने गलकोट नगरपालिकाका एक सय ४७ जना बचतकर्तालाई रकम फिर्ता गरिएको इमेज पीडित सङ्घर्ष समिति गलकोट बुर्तिवाङ संयोजक मञ्जु शर्मा चालिसेले जानकारी दिनुभयो । "दुई दिनमा रु एक करोड बचतकर्तालाई फिर्ता गरियो", उहाँले भन्नुभयो ।

गल्कोट र ढोरपाटनका पाँच सय ४७ बचतकर्तामध्ये एक लाखसम्मका बचतकर्ताले तत्काल फिर्ता पाउनेगरी प्रक्रिया अगाडि बढाइएको चालिसेको भनाइ छ । इलाका प्रहरी कार्यालय हरिचौर र जनप्रतिनिधिको रोहबरमा बचतकर्ताको रकम फिर्ता गरिएको हो । संयोजक चालिसेका अनुसार सहकारीका बाँकी बचतकर्ताको रकम फिर्ताका लागि मिना ग्रुप कम्पनी प्रालिसँग सहकार्य गर्नेगरी सम्झौतासमेत गरिएको छ । गत पुस २६ गतेसम्म सहकारीका संस्थापक अध्यक्ष तथा ढोरपाटन नगरपालिकाका प्रमुख देवकुमार नेपालीको सहकारी ठगी मुद्दामा पीडितमध्ये पाँच सय ४७ जनाले बिगो दाबी नगर्ने गरी मेलमिलाप गर्नुभएको छ । सहकारीका बचतकर्ताले नेपालीको घरायसी जायजेथाबाट पाउनुपर्ने रकम पाएको भन्दै मेलमिलाप गरिदिनुभएको हो ।

बचतकर्ताको ठगिएको रकम रु २३ करोड ७५ लाख ४२ हजार तीन सय ४० बराबरको रकम घरसारमा मिलेर पाएको जनाउँदै मेलमिलाप गरेपछि मुद्दामा दाबी गरिएको बिगो रकमसमेत घटेको छ ।

पीडित ताराबहादुर कुँवर, मञ्जु शर्मा चालिसे र यमबहादुर कुँवरसमेत पाँच सय ४७ जनाको मुलुकी फौजदारी संहिता २०७४ को दफा ११७ बमोजिम मिलापत्र गर्न निवेदन आएकाले दफा ११८ (३) बमोजिम मिलापत्र गरिएको आदेशमा उल्लेख छ । सहकारीका अध्यक्ष नेपाली पुर्पक्षका लागि अहिले थुनामा हुनुहुन्छ ।

# अम्रिसोबाट आम्दानी लिँदै म्याग्दीका किसान



**पोखरापत्र संवाददाता**
म्याग्दी, २७ माघ

यहाँको मङ्गला गाउँपालिका-५ अर्मनकी तेजकुमारी बुढाथोकीले बारी र पाखोमा लगाएको अम्रिसो खेतीबाट गत वर्ष रु तीन लाख आम्दानी गर्नुभयो ।

यस वर्ष रु चार लाख बढी आम्दानी गर्ने उद्देश्यका साथ अम्रिसो खेती विस्तार गरेको उहाँले बताउनुभयो । त्यसैगरी बेनी नगरपालिका-२ रोहोटेका बेलबहादुर घिमिरेले अम्रिसो अम्रिसो बिक्री गरेर रु दुई लाख आम्दानी गरेको बताउनुभयो । यहाँका किसानले अम्रिसो प्रतिकेजी रु एक सय २५ का दरले बिक्री गर्दै आएका छन् । "गत वर्ष रु एक सय २५ मा बिक्री गर्यौं, यस वर्ष मूल्य बढेको छ भन्ने सुनेका छौं", घिमिरेले भन्नुभयो । उहाँहरु जस्तै अन्य किसानले पनि केही वर्षअघि सम्म खेतबारीमा खेर गइरहेको अम्रिसो खेती गरेर आम्दानी लिन थालेका छन् । विगत पाँच वर्षदेखि म्याग्दीबाट अम्रिसो व्यापार गर्दै आउनुभएका ओडारचौरका कृष्ण गौतमले गत वर्ष १० क्विन्टल अम्रिसो खरिद गरेको र यस वर्ष पनि रु एक सय २५ मा नै १२ क्विन्टल अम्रिसो खरिद गर्नका लागि किसानलाई पेश्की बुझाइसकेको बताउनुभयो ।

एक किलो अम्रिसोबाट पाँचवटासम्म कुचो बनाउन सकिने र प्रति कुचो रु ७५ देखि रु एक सय सम्ममा बिक्री हुने उहाँको भनाइ छ । म्याग्दीमा प्रतिकिलो रु एक सय २५ मा खरिद गरेको अम्रिसो पोखरामा रु एकसय ६०, चितवनमा रु एक सय ९० र काठमाडौँमा दुईसयमा बिक्री गर्ने गरेको उहाँले बताउनुभयो ।

# खेर जाने केराको थम्बाबाट सामग्री उत्पादन

**पोखरापत्र संवाददाता**
तनहुँ, २७ माघ



जहाँकहीं पाउन सकिने केरा खानका लागि उपयोगी फलका रूपमा लिइन्छ । यसको खेर फालिने गरिएका थम्बालाई तनहुँक महिलाले उपयोगी सामग्री उत्पादनसँग जोडेका छन् ।

शुक्लागण्डकी नगरपालिकाका महिलाले खेर गएका केराका थम्बालाई उपयोगी सामग्री बनाई हस्ताकलाको सीप विकास गरेका सामाजिक विकास कार्यालयका प्रमुख विदुरहरि आचार्यले बताउनुभयो । उहाँका अनुसार ज्येष्ठ नागरिकमा रहेका सीप नयाँ पुस्तामा हस्तान्तरण गर्न तालिम समेत प्रदान गर्दिदै आएको छ । केराको थम्बाबाट उपयोगी सामान उत्पादन तथा निर्माण गर्न सिकाउने तालिमले खेर गइरहेका स्थानीय कच्चा पदार्थ र समयको सदुपयोग गर्ने उद्देश्यले सीप प्रदान गरिएको प्रमुख आचार्यले बताउनुभयो । उहाँले भन्नुभयो, "स्थानीय कच्चा पदार्थको उपयोगलाई प्राथमिकता दिएका हौं, यसले खेर गएका कच्चा पदार्थ उपयोगमा आउनुका साथै सीप विकास तथा पुस्ता हस्तान्तरण हुन्छ ।" आधारभूत तालिम प्राप्त गर्ने सहभागीको सक्रियताका आधारमा उनीहरूलाई सीपमा दक्ष र व्यावसायिक बनाउन अर्को चरणको तालिम दिइने प्रमुख आचार्यले बताउनुभयो । यस्ता तालिममार्फत महिलालाई सीपयुक्त र आर्थिक रूपमा सबल बनाउन सहयोग पुग्ने उहाँको भनाइ छ । प्रशिक्षक गोमा अम्गाईंले केराको थम्बाबाट रेशा निकाली ढकिया, चकटी, झोलालगायत विभिन्न सामग्री बनाउन सिकाउनुभएको थियो । उहाँले गाउँघरमा प्रशस्त पाइने केराको थम्बाबाट कपडालगायत धेरै किसिमका सामग्री बनाउन सकिने र उपयोगी पनि हुने बताउनुभयो । शुक्लागण्डकी नगरपालिकाका ११ महिलाले केराको थम्बाबाट विभिन्न उपयोगी सामग्री तयार पार्ने हस्तकलाको सीप सिकेका छन् । सीपलाई यहाँका महिलाले उपयोग गर्न सकेमा आर्थिक रूपमा सबल बन्न सहयोग पुग्नेछ । सामाजिक विकास कार्यालयको प्राविधिक सहयोगमा महिला उद्यमी सङ्घ शुक्लागण्डकी एकाइले आयोजना गरेको हो । महिला उद्यमी सङ्घ शुक्लागण्डकीका अध्यक्ष तुलसी शाहले केबल फल खानमात्र प्रयोग भइरहेको केराको थम्बाबाट विभिन्न सामग्री बनाउने सीप सिक्न पाउँदा उत्साहित भएको बताउनुभयो । तालिममा सहभागी अन्य महिलाले सिकेको सीपलाई आयआर्जनसँग जोडेर आत्मनिर्भर बन्नतर्फ काम गर्ने बताए । केराको रेशाबाट सामग्री बनाउन एक हप्ताको तालिम प्रदान गरिएको सामाजिक विकास कार्यालयले जनाएको छ । महिलाले कच्चा पदार्थ र सीपको उपयोग गर्नसके आर्थिक रूपमा सम्पन्न बनाउन सहयोग पुग्ने अपेक्षा गरिएको छ ।

# देवघाट दिव्यधाम निर्माणमा सरकारले सहयोग गर्छः कृषिमन्त्री अधिकारी

**पोखरापत्र संवाददाता**
दमौली, २७ माघ

कृषि तथा पशुपंक्षी विकासमन्त्री रामनाथ अधिकारीले देवघाटधाममा निर्माणाधीन दिव्यधाम निर्माणमा सरकारले सहयोग गर्ने प्रतिबद्धता जनाउनुभएको छ । देवघाटमा जारी महामहोत्सवको २७औँ दिनको कार्यक्रममा आज उहाँले दिव्यधाम गौरवको विषय भएकाले यसमा सरकारको सहयोग रहने बताउनुभयो ।

मन्त्री अधिकारीले दिव्यधाम निर्माणका लागि विदेशबाट आयात गरिने मार्बलमा कर छुट दिने विषयमा समेत पहल गर्ने प्रतिबद्धता जनाउनुभयो। दिव्यधाम निर्माणपछि यहाँको धार्मिक पर्यटन प्रवर्द्धनमा सहयोग पुग्ने उहाँको भनाइ थियो । तीन सय ६५ कोठाको संरचनासहित ज्येष्ठ नागरिक र असहायका लागि दीर्घकालीन आवासीय सुविधा प्रदान गर्ने उद्देश्यले देवघाट गाउँपालिका-५ तनहुँमा मातापिता सेवाश्रम निर्माणाधीन छ ।

# तीन हजार पाँच सय जनाको निःशुल्क मुटु जाँच

**पोखरापत्र संवाददाता**
गोरखा, २७ माघ



यहाँ सञ्चालित दुई दिनको निःशुल्क मुटु स्वास्थ्य शिविरमा तीन हजार पाँच सय १० जनाले जाँच गराएका छन् ।

सदरमुकामस्थित गोरखा अस्पतालमा सम्पन्न शिविरमा सर्वसाधारणले मुटु जाँच गराएको आयोजक रोटरी क्लब अफ गोरखाका अध्यक्ष विनोदकुमार बस्यान्तले जानकारी दिनुभयो ।

मनमोहन कार्डियोथोरासिक भास्कुलर तथा ट्रान्सप्लान्ट सेन्टरका वरिष्ठ मुटुरोग विशेषज्ञ डा अनिल भट्टराई नेतृत्वको ३२ जनाको चिकित्सक तथा स्वास्थ्यकर्मीको टोलीले शिविरमा आएकाहरुको मुटु जाँच गरेका थिए । शिविरमा जाँच गराएकामध्ये २८ जनाको मुटुको शल्यक्रिया गर्नुपर्ने देखिएको डा भट्टराईले बताउनुभयो । "मुटु जाँच गराएकामध्ये २८ जनालाई मुटुको थप उपचारका लागि मनमोहन कार्डियोथोरासिक भास्कुलर तथा ट्रान्सप्लान्ट सेन्टर रिफर गरेका छौं, उहाँले भन्नुभयो, "जसमा ६ जनाको तत्काल उपचार गर्नुपर्ने अवस्था छ ।" शिविरमार्फत चार सय १३ जनाले इसिजी जाँच गराए भने चार सय ७९ जनाले इको जाँच गराएको डा भट्टराईले जानकारी दिनुभयो । रोटरी क्लब अफ गोरखा तथा रोट्र्याक क्लब अफ गोरखाको संयुक्त आयोजना एवं सेभ द हर्ट, मनमोहन कार्डियोथोरासिक भास्कुलर तथा ट्रान्सप्लान्ट सेन्टर त्रिवि शिक्षण अस्पताल महाराजगञ्ज, र गोरखा अस्पतालको प्राविधिक सहयोगमा शिविर सञ्चालन गरिएको हो । शिविरमा जाँच गराएकाबिरामीलाईआवश्यकताका आधारमा निःशुल्क औषधिसमेत उपलब्ध गराइएको छ ।


# तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : व्यापारमा लाभ | तुला | : सहयोग मिल्नेछ |
| वृष | : शत्रुको भय | वृश्चिक | : अप्रत्यसित लाभ |
| मिथुन | : झमेला बढ्ने | धनु | : सत्कार मिल्नेछ |
| कर्कट | : शुभ यात्रा | मकर | : आर्थिक समस्या |
| सिंह | : स्वास्थ्यमा सुधार | कुम्भ | : शारीरिक झमेला |
| कन्या | : कार्यमा सफलता | मीन | : मानसिक तनाव |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**
पोखरा-१६, जोगिमणीमार्ग, मोबाइल: ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस् ।

# वन पैदावारबाट एक अर्बबढी राजस्व

पोखरापत्र संवाददाता
गण्डकी, २७ माघ

वन पैदावार र जडीबुटीको बेचबिखनबाट गण्डकी प्रदेश सरकारले पछिल्लो सात वर्षमा रु एक अर्ब १३ करोड ५० लाख १२ हजार तीन सय ८८ राजस्व सङ्कलन गरेको छ।

वन तथा वातावरण मन्त्रालयको तथ्याङ्कअनुसार यस अवधिमा राष्ट्रिय तथा निजी वनबाट करिब ६५ हजार क्युफिट काठ र १२ हजार एक सय ४३ चट्टा दाउरा उत्पादन भएको छ। आठ लाख दुई हजार छ सय २९ किलो जडीबुटी सङ्कलन गरिएको मन्त्रालयले जनाएको छ।

वन पैदावारको सङ्कलनलगायत कामबाट करिब २५ लाखभन्दा बढी श्रमदिनको रोजागारी सिर्जना भएको मन्त्रालयका सूचना अधिकारी राजेश पौडेलले जानकारी दिनुभयो। सामुदायिक वन उपभोक्ता समूहले वन पैदावार र जडीबुटी उत्पादन र सङ्कलनबाट बर्सेनि करोडौँ रुपैयाँ आम्दानी गर्ने गरेको उहाँको भनाइ छ। मन्त्रालयले दण्ड-जरिवाना, काठ, दाउरा, जडीबुटी, ठेक्का बिक्री आदिबाट राजस्व सङ्कलन गर्दै आएको छ। जडीबुटीको व्यावसायिक उत्पादन र वन पैदावारमा आधारित उद्योग विस्तार गर्नसके उपभोक्ताको आयआर्जन थप बढ्ने उहाँले बताउनुभयो।

वनजन्य उत्पादनको उचित व्यवस्थापन र उपयोग नहुँदा स्रोतसाधन यसैखेर जाने अवस्था छ। सामुदायिक वन उपभोक्ता महासङ्घका केन्द्रीय सदस्य प्रेम लामिछानेले वन क्षेत्रमा रहेका खाली जग्गामा फलफूलजन्य बोट बिरुवादेखि जडीबुटी खेती विस्तारमा राज्यले जोड दिनुपर्ने धारणा राख्नुभयो। "वनजन्य उत्पादनको संरक्षण, व्यवस्थापन र सदुपयोगका लागि उचित नीति तथा कार्ययोजना ल्याउनुपर्छ", उहाँले भन्नुभयो, "यसले वन समूहलाई पनि बलियो बनाउँछ, अर्कातिर वन पैदावारबाट राजस्व पनि बढ्छ।" सामुदायिक वन समूहले गरेको आम्दानी सामुदायिक विकासमा नै खर्च हुँदै आएको छ। वनको आम्दानी विपन्न समुदाय, वन विकास र सामुदायिक विकासमा लगानी हुँदै आएको छ। प्रदेश सरकारले पनि जडीबुटी विकास कार्यक्रमका लागि बर्सेनि बजेट खर्च गर्दै आएको छ। वन पैदावारको संरक्षण तथा सदुपयोग गर्न ढलापडा काठदाउरा सङ्कलनको व्यवस्था, वनमा आधारित उद्योग र वन क्षेत्रको दूरी निर्धारणलगायत काम गरिएको मन्त्रालयले जनाएको छ। प्रदेश सरकार स्थापना भएयता ८७ लाख दुई हजार एक सय ४२ बिरुवा उत्पादन गरी सार्वजनिक तथा निजी क्षेत्रमा वृक्षरोपणका लागि निःशुल्क वितरण गरिएको मन्त्रालयले जनाएको छ। विभिन्न स्थानीय तहमा दुई सय २८ हरित उद्यान स्थापना र ६७ सामुदायिक वनमा पर्या-पर्यटन कार्यक्रम सञ्चालन गरिएको छ। प्रदेशभर ७६ वटा वर, पीपल, समीका रुख भएका चौतारो निर्माण, मर्मतसम्भार र सौन्दर्यीकरण गरिएको मन्त्रालयले जनाएको छ। मन्त्रालयले फर्निचर, जडीबुटी प्रशोधन केन्द्रलगायत वनजन्य उद्यम स्थापनामा पनि लगानी गर्दै आएको छ। हालसम्म १० दशमलव ३ हेक्टर वन अतिक्रमण नियन्त्रण गरिएको जनाइएको छ। चार हजार दुई सय ५० वन्यजन्तुको उद्धार गरिएको छ। वन्यजन्तुका कारण बालीनालीको क्षति व्यहोरेका किसानलाई रु नौ करोड ६० लाख राहत वितरण गरिएको छ। मन्त्रालयले जलाधार तथा सिमसार व्यवस्थापन, राष्ट्रिय वन विकास तथा व्यवस्थापन, ताल संरक्षण, वन अनुसन्धान, वातावरणको जगेर्नालगायत क्षेत्रमा काम गर्दै आएको छ। रामसारमा सूचीकृत पोखरा उत्पत्यका क्षेत्रका नौ तालसहित ४५ वटा तालमा संरक्षण र पूर्वाधार निर्माण योजना सञ्चालन गरिएको छ।

# मनाङको डढेलो १० दिनसम्म पनि नियन्त्रण हुन सकेन

रासस
मनाङ, २७ माघ



जिल्लाको चामे गाउँपालिका-१ तिमाङ जङ्गलमा लागेको डढेलो १० दिनसम्म पनि नियन्त्रण हुन सकेको छैन। यही माघ १८ गते बेलुकीदेखि लागेको डढेलो जटिल भूगोलका नियन्त्रण गर्न नसकिएको जिल्ला प्रशासन कार्यालयले जनाएको छ।

तिमाङ जङ्गलमा लागेको डढेलो जटिल भौगोलिक संरचनाका कारण नियन्त्रणमा लिन नसकिएको प्रमुख जिल्ला अधिकारी मातृका आचार्यले जानकारी दिनुभयो। उहाँका अनुसार डढेलो नियन्त्रणका लागि जिल्लाका सबै सुरक्षा संयन्त्र परिचालन गरिएको छ। उहाँले भन्नुभयो, "डढेलो नियन्त्रणका लागि जिल्लाका सबै सुरक्षा निकाय परिचालन गरिएको छ। स्थानीयवासी पनि सक्रिय भएर जङ्गलमा खटिनुभएको छ, तर हालसम्म नियन्त्रणमा लिन सकिएको छैन।" डढेलो समयमा नियन्त्रणमा लिन नसक्दा जङ्गलमा रहेका भेडा, च्याङ्ग्रा, याक, चौँरीका चरन क्षेत्र नष्ट भएका उहाँले बताउनुभयो।

"आगलागी बस्तीभन्दा टाढाको जटिल भूगोलमा लागेको छ, यहाँ हावा चल्ने भएकाले पनि डढेलोको जोखिम बढ्न सक्ने अवस्था छ", प्रजिअ आचार्यले भन्नुभयो, "साथै राष्ट्रको गहनाका रूपमा रहेका राष्ट्रिय पन्छी डाँफेको बासस्थान र कोपिला लागेको लालीगुँरासको बोट नष्ट भएका छन्।" जानसक्ने स्थानसम्म पुगेर सुरक्षाकर्मी र स्थानीयले डढेलो निभाउने प्रयास गरिरहनुभएको उहाँले जानकारी दिनुभयो। कठिन तथा जोखिम भिरमा आगलागी भएकाले डढेलो नियन्त्रणमा समस्या भएको उहाँले बताउनुभयो। अन्यत्र आगो नफैलिओस् भनेर सुरक्षित गर्ने काम भने गरिसकेको भन्दै बस्तीमा आगलागीको जोखिम नरहेको उहाँले उल्लेख गर्नुभयो। अन्नपूर्ण संरक्षण क्षेत्र आयोजना इलाका कार्यालयका प्रमुख ढकबहादुर भुजेलले हिउँ पर्ने स्थानमा हिउँ नपर्नु, सुक्खा हुनुलगायत कारणले आगलागी भएको भन्दै सुख्खा बढी भएकाले आगो नियन्त्रणमा लिन नसकिएको बताउनुभयो। उहाँले भन्नुभयो, "संरक्षण क्षेत्रमा प्रत्येक वर्ष आगलागी हुने गरेको छ। सुक्खायाम, हिउँ नपर्नु, वनजङ्गलमा रहेका सुकेका ठुटालगायत कारणले आगो लाग्ने गरेको हो।" भुजेलका अनुसार राष्ट्रिय वन क्षेत्रमा यसरी लामो समय आगलागी हुँदा बासस्थान बनाएर बसेका पशुपन्छी अन्यत्र सर्ने गरेका छन्। यसरी प्रत्येक वर्ष वन्यजन्तु तथा पशुपन्छीको बासस्थान मासिँदै गएपछि यहाँका लोपोन्मुख वन्यजन्तु पूर्ण रूपमा लोप हुनसक्ने उहाँले बताउनुभयो। उहाँका अनुसार आगलागीबाट जङ्गलमा भएका सल्लाको काठ, धुपीजस्ता बहुमूल्य तथा औषधीय जडीबुटीको विनास हुनेसक्ने अनुमान गर्न सकिन्छ। जङ्गलमा भएका भिजा, पातपतिङ्गरले गर्दा आगो बढ्न सक्ने जोखिम यथावत रहेको प्रमुख भुजेलले बताउनुभयो। उहाँले भन्नुभयो, "सुक्खयाम र हुरीबतास चल्ने मौसमका कारण आगो नियन्त्रणमा लिन कठिन भएको छ।" तत्काल जङ्गलमा आगलागी नियन्त्रण गर्न नसके यसको क्षेत्रफल बढ्ने उहाँको भनाइ छ। उहाँका अनुसार जङ्गलमा भएका वनआलु, लौडसल्ला, जटामसी, पाँचऔँले, गुची च्याउलगायत जडीबुटी डढेलोले नष्ट हुने थालेका छन्। आगलागीका कारण चराचुरुङ्गी, वन्यजन्तुको बासस्थानमा प्रभाव पार्नुका साथै चराचुरुङ्गी, वन्यजन्तु तथा याकचौँरीका चरन क्षेत्र नास हुन थालेको कार्यालय प्रमुख भुजेलले बताउनुभयो। यस वर्षको मङ्सिरयता ताल, आइसलेक, पिसाङ भिर आगलागी भएको कार्यालयले जनाएको छ। विसं २०७७ मङ्सिर २ गतेदेखि लागेको आगो दुई महिनापछि मात्रै नियन्त्रण आएको थियो। उक्त आगलागीका कारण मनाङको एक हजार दुई सय हेक्टर क्षेत्रफल वनजङ्गल नष्ट भएको थियो। तिमाङ जङ्गलमा लागेको डढेलो नियन्त्रणमा तीनै तहका सरकारले यथाशीघ्र प्रभावकारी पहल गर्नुपर्नेमा स्थानीयको जोड छ।

# खरखरेभिरको पहिरो रोकथाममा ढिलाइ

पोखरापत्र संवाददाता
लमजुङ, २७ माघ

बेँसीसहर-चामे सडकअन्तर्गत बेँसीसहर नगरपालिका-६ स्थित खरखरेभिर पहिरो रोकथाममा ढिलाइ भएको छ। करिब आठ महिनादेखि जारी पहिरो रोकथामको काम अझै सम्पन्न हुनसकेको छैन। यहाँ गत असारयता निर्माण कार्य ठप्प छ।

सङ्घीय सरकारको रु १६ करोड ४८ लाखमा खरखरेभिरमा पहिरो रोकथामका लागि निर्माण कार्य हुँदै आएको थियो। निर्माणमा संलग्न निर्माण व्यवसायीले बीचमे काम छाडेका छन्। यसबाट स्थानीय तथा पर्यटकलाई समस्या भएको छ। डुम्रे-बेँसीसहर-चामे सडक योजना कार्यालयका सूचना अधिकारी नवीन विष्टले भन्नुभयो, "पहिरो रोकथामको काम जटिल रहेको कारण देखाउँदै काम बन्द गरिएको छ।"

भौगोलिक बनावट कठिन हुँदा काम गर्दा माथिको डाँडा नै खस्न सक्ने अवस्था छ। यसअघि निर्माण गरिएको सडकमाथिको संरचना पनि भत्किएको छ। सडकको हालसम्म जम्मा ३२ प्रतिशतमात्र प्रगति भएको सूचना अधिकारी विष्टले बताउनुभयो। उक्त खण्डमा तीन सय मिटर पर्खाल सडक ढलान गर्नुपर्ने देखिन्छ। अझै ८० मिटर सडक ढलान गर्न बाँकी रहेको छ। सो काम सम्पन्न भएपछि पहिरो रोकथाम हुने सूचना अधिकारी विष्टको भनाइ छ।

पहिरो रोकथाम नहुँदा सो सडक भएर यात्रा गर्न जोखिम भएको बेँसीसहर नगरपालिका-६ का कृष्णबहादुर आलेले बताउनुभयो। "यात्रा गर्दा कतिबेला माथिबाट ढुङ्गामाटो तथा पहिरो खस्ने हो भन्ने डर रहन्छ। सडकबाट चिप्लए सिधैँ मर्स्याङ्दी नदीमा पुग्ने खतरा छ", उहाँले भन्नुभयो।

विश्व चर्चित चक्रीय अन्नपूर्ण पदमार्गमा पर्ने उक्त ठाउँको पहिरो हुँदै पर्यटक आवतजावत गर्छन्। बेँसीसहर-६ वडाध्यक्ष प्रकाश थापाले भन्नुभयो, "यहाँ हिँड्दाहिँड्दै पहिरो खस्छ, जोखिम छ, धेरै गाह्रो छ। अझ बर्खायाममा बढी समस्या तथा जोखिम हुने गरेको छ।" पहिरोभन्दा माथि २४-२५ परिवार रहेको फाँटगाउँ छ। पहिरोले बस्ती भेट्न करिब पाँच सय मिटर मात्र बाँकी छ।

कार्यालयका अनुसार खरखरेभिरका लागि बोलपत्र आह्वान गरेर रु २० करोड लागत अनुमान गरिएकामा रु १६ करोड ४८ लाखमा निर्माण सम्पन्न गर्नेगरी खरीढुङ्गा गोल्मेस्वर जेभीले कामको जिम्मा लिएको थियो। सम्झौताअनुसार २०८० मङ्सिरभित्र काम सम्पन्न हुनुपर्ने हो। तर काम सम्पन्न हुन नसक्दा २०८२ मङ्सिरसम्मका लागि म्याद थप गरिएको कार्यालयले जनाएको छ।

मनाङ जिल्लालाई सडक सञ्जालसँग जोड्ने सरकारको योजनाअनुसार २०५१ सालदेखि सडक डिभिजन कार्यालय दमौली, तनहुँले निर्माण सुरु गरेको थियो। विसं २०५७ देखि नेपाली सेनाले सो सडक बनाउने जिम्मा पाएको थियो। सेनाले २०६९ सालमा सडक निर्माण पूरा गरी डिभिजन सडक कार्यालय दमौलीलाई हस्तान्तरण गरेको थियो। पैसठ्ठी किलोमिटर रहेको उक्त सडक लमजुङतर्फ ३५ र मनाङतर्फ ३० किलोमिटर पर्छ। यो सडक खरखरे भिरको पहिरोको कारण अवरुद्ध हुँदै आएको छ। सो स्थानमा करिब सात वर्षदेखि पहिरो जान थालेको हो।

# रुम्सी होमस्टेमा आन्तरिक पर्यटकको रोजाइमा

पोखरापत्र संवाददाता
तनहुँ, २७ माघ



जिल्लाको व्यास नगरपालिका-१४ स्थित रुम्सी होमस्टे (घरबास)मा आन्तरिक पर्यटकको आकर्षण बढ्दै गएको छ। अर्गानिक खाना, प्राकृतिक सौन्दर्यता र ग्रामीण जीवनशैलीका कारण यहाँ आन्तरिक पर्यटकको आकर्षण बढेको हो।

यहाँ आउने पर्यटकलाई अर्गानिक खाना, लोकल कुखुराको परिकार, मगर जातिको नृत्यबाट स्वागत गर्ने प्रचलन रहेको छ। होमस्टे सञ्चालक समितिका अध्यक्ष सन्तोष रानामगरले यहाँ आउने पाहुनाहरू ग्रामीण परिवेश, पारिवारिक वातावरण र स्थानीय परिकारबाट प्रभावित हुने गरेका बताउनुभयो। उहाँका अनुसार दमौलीबाट गाडीमा एक घण्टाको दूरीमा रहेको यो गाउँ आन्तरिक पर्यटकको गन्तव्यस्थल बन्दै गएको छ। गण्डकी प्रदेश सरकारले मुख्यमन्त्री नवप्रवर्तन साझेदारी कार्यक्रमअन्तर्गत रुम्सी गाउँलाई नमूना गाउँ घोषणा गरेको थियो। यहाँ घरबास स्थापन गरी सञ्चालनमा ल्याउन प्रदेश सरकारले रु ६५ लाख र व्यास नगरपालिकाले रु ३५ लाख लगानी गरेका छन्। परियोजनाअन्तर्गत एक सय १० घरधुरीमा पर्यटन प्रवर्द्धन कार्यक्रम सञ्चालन गरिएको छ भने ३० घरधुरीमा होमस्टे पूर्वाधार विकास गरिएको अध्यक्ष रानामगरले जानकारी दिनुभयो।

व्यास-१४ वडाध्यक्ष काजीमान श्रेष्ठले पछिल्लो समय यो ठाउँ आन्तरिक पर्यटकको गन्तव्यस्थलका रूपमा विकास हुन थालेको बताउनुभयो। उहाँले भन्नुभयो, "ग्रामीण परिवेशमा रमाउन चाहनेहरू यहाँ आएर आनन्दित हुनुनहुन्छ।"

मुख्यमन्त्री नवप्रवर्तन साझेदारी कार्यक्रममार्फत् रुम्सी गाउँलाई नमूना गाउँ घोषणा गरी पर्यटन प्रवर्द्धन गरिएको व्यास नगरपालिकाका प्रमुख वैकुण्ठ न्यौपानेले जानकारी दिनुभयो। यसलाई नमूना बस्तीको रूपमा विकास गर्न गाउँको ऐतिहासिक, धार्मिक, सांस्कृतिक एवं प्राकृतिक सम्पदाको संरक्षण गरिने उहाँले बताउनुभयो।

उहाँले भन्नुभयो, "पर्यटन तथा कृषिका गतिविधिका माध्यमबाट आर्थिक विकासका साथै सामाजिक सद्भाव अभिवृद्धि गर्दै रुम्सीलाई सुन्दर, शान्त, समृद्ध एवं सुरक्षित पर्यटकीय गन्तव्य बनाउने लक्ष्य छ।" रुम्सी होमस्टे पुग्नुभएका दमौलीका सविन लामिछानेले यहाँका होमस्टे सञ्चालकको स्वागत, अर्गानिक खाना, प्राकृतिक सौन्दर्यले आनन्दित तुल्याएको उल्लेख गर्नुभयो। यहाँ थप पर्यटन प्रवर्द्धन गर्दै स्थानीय सरकारले रोजगारीका अवसर सिर्जना गर्दै जानुपर्नेमा उहाँले जोड दिनुभयो।

# डेढ करोड लगानीमा व्यवसायक फलफूलखेती

पोखरापत्र संवाददाता
बागलुङ, २७ माघ

जिल्लाको ढोरपाटन नगरपालिका-५ पाखापानी भौगोलिक रूपमा विकट मानिन्छ। विकटताका कारण पर्याप्त सेवासुविधा गाउँमा पुग्न सकेको छैन। युवापुस्ता विदेश पालयन भएका छन् भने अधिकांश गाउँमा बस्ने सुविधाको खोजीमा बजार झरिरहेका छन्।

गाउँलेको रोजाइमा बजार परिरहेको अवस्थामा यहाँका मानसिङ पुनले भने अवसर खोज्दै डेढ करोड लगानीमा व्यवसायक फलफूलखेती सुरु गर्नुभएको छ। उहाँ पेसाले स्वास्थ्यकर्मी हुनुहुन्छ। दिउँसोको समय नागरिकको उपचारमा खटिने उहाँ फुर्सदको समय बारीमा काम गर्नुहुन्छ। "सँगैका साथी कोही जापान र कोरिया, कोही खाडी मुलुक भएका छन्। युवापुस्ता नहुँदा सुनसान बन्दै गएको गाउँमा विसं २०७३ देखि व्यावसायिक कृषि कर्म गर्दै आएको छु", पुनले भन्नुभयो। 'स्वरोजगार बहुउद्देश्यीय कृषि पशुफार्म' सञ्चालन गरी सम्भावना खोज्दै आउनु भएको छ। आठ वर्ष अघि सुरु गरेको व्यवसाय अहिले विस्तार हुँदै गएको उहाँको भनाइछ। पुनले गाउँको





बाँझो जमिनलाई सदुपयोग गरी व्यावसायिक रूपमा किबी, केरा, सुन्तला, कागती र टिमुरखेती गर्दै आएको बताउनुभयो। साथै ५० बढी बाख्रा पालन गरेको बताउँदै उहाँले बारीमा पुग्दा लटरम्म फलेका फलफूलले धेरैलाई आकर्षित गर्ने प्रतिक्रिया आउने गरेको बताउनुभयो। "एक सय ८० रोपनी क्षेत्रफलमा लगाएको फलफूलमध्ये केहीले उत्पादन दिन थालेका छन्, केही हुर्किँदै छन्। केही वर्ष अघि वनमाराले ढाकेको बारीमा अहिले फलफूल उत्पादन हुँदा गाउँले नै दङ्ग छन्", पुनले भन्नुभयो। गाउँमा स्वरोजगार बनेर जनताको सेवा गर्ने सोच बनाउनुभएका उहाँ पाँच वर्षदेखि ढोरपाटन-८ स्थित सेराबाङ आधारभूत स्वास्थ्य सेवा केन्द्रमा प्रमुखका रूपमा कार्यरत हुनुहुन्छ। फुर्सदको समयमा बारीमा काम गर्ने उहाँले कृषि फार्ममा हालसम्म रु डेढ करोड बढी लगानी गरेको जानकारी दिनुभयो। उहाँलाई विदेशबाट फर्किनुभएका दाई हिमालकुमार पुन र भिनाजु विक्रिम घर्तीमगरले साथ दिइरहनुभएको छ। सुरुमा रु १५ लाखबाट सुरु गरेको व्यवसाय अहिले राम्रो हुँदै गएपछि बर्सेनि आम्दानी पनि बढ्दै गएको पुनले बताउनुभयो। यसवर्ष फलफूल तथा बाख्रा बिक्री गरेर रु सात लाख आम्दानी भएको जनाउँदै उहाँले वार्षिक रु ५० लाख आम्दानी गर्ने लक्ष्य राखेको उल्लेख गर्नुभयो। "अहिले सुरुवाती चरणमा छौँ, आम्दानी जति लगानी भइरहेको छ, बाख्रापालनबाट सुरु गरेको व्यवसाय अहिले फलफूल खेतीलाई जोड दिएका छौँ। म जनताको उपचारमा व्यस्त भइराख्ने हुँदा दाइ र भिनाजु विदेशबाट फर्किएर यहाँ काम गर्न थाल्नुभएको छ, उहाँहरूले थप हौसला दिँदा लगानी बढाइरहेको छु", पुनले भन्नुभयो, "लगानी अनुसारको प्रतिफल आउला भन्ने अपेक्षासहित गाउँमा केही गरौँ भन्ने उद्देश्यले कृषि कर्ममा लागेको हुँ।" पुनले केही वर्ष अघि रु ६० लाखको जग्गा किनेर फलफूखेती विस्तार गरेको जानकारी दिनुभयो। हालसम्म कृषि ज्ञान केन्द्र बागलुङबाट रु एक लाख १३ हजार, ढोरपाटन नगरपालिकाबाट रु एक लाख ८८ हजार अनुदान प्राप्त भएको बताउँदै उहाँले स्वदेशमा केही गर्न चाहाने युवालाई राज्यले पनि सोही अनुसारको सहयोग गर्नुपर्नेमा जोड दिनुभयो। गाउँमा खानेपानी र सिँचाइ अभाव हुँदा गाउँले बसाइँसराइ गर्न बाध्य भएका उहाँको भनाइ छ। आफूले ठूलो लगानी गरेर फलफूल खेती गरे पनि सिँचाइ अभावमा बिरुवा सुक्दा लाखौँको नोक्सानीसमेत व्यहोर्नु परेको पुनले गुनासो पोख्नुभयो। गाउँ नजिक पानीको मुहान नभएकाले टाढाबाट ल्याउनका लागि लाखौँ रुकम आवश्यक पर्ने उहाँले उल्लेख गर्नुभयो। पुनले विदेश पलायन हुने युवालाई स्वदेशमा पनि मेहनत गरे प्रशस्त आम्दानी गर्न सकिने सुझाव दिनुभयो।

# मैत्रीपूर्ण फुटबल हुने

रासस
काठमाडौं, २७ माघ

अखिल नेपाल फुटबल सङ्घ (एन्फा)को आयोजना र जनवादी गणतन्त्र चीनको नेपालस्थित दूतावासको सहयोगमा आगामी फागुन पहिलो साता मैत्रीपूर्ण फुटबल हुने भएको छ।

चीनको नयाँ वर्षको अवसरमा नेपाली युवा टोली र चीन युनान युवा फुटबल टोलीबीच उक्त मैत्रीपूर्ण खेल आगामी फागुन ३ गते हुने आइतबार यहाँ आयोजित पत्रकार सम्मेलनमा एन्फाका प्रतियोगिता निर्देशक सञ्जीव मिश्रले जानकारी दिनुभयो। उहाँका अनुसार उक्त खेल त्रिपुरेश्वरस्थित दशरथ रङ्गशालामा खेलाइने छ।

उक्त खेलका लागि प्राविधिक पक्षको सबै जिम्मेवारी एन्फाको रहने छ भने मार्केटिङ, ब्रोडकास्टिङ, टिकेटिङ र सांस्कृतिक कार्यक्रमको जिम्मेवारी चिनियाँ दूतावासको रहने पत्रकार सम्मेलनामा जानकारी दिइयो।